"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## ट्वाखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/८१
चलानी नं:- ९६०३

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं वागमती प्रदेश, नेपाल २०७३

## प्रेस विज्ञप्ति

मिति २०८० कार्तिक १७ गते राती ११: ४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु भएर गएको भुकम्पबाट मृत्यू हुनु भएका व्यक्तिहरु प्रती हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं । साथै, उक्त घटनामा परी घाईते हुनु भएका नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछौं ।

भुकम्प पिडितहरुको उद्धार, राहत, पुनर्स्थापना तथा भत्किएका संरचनाको पुनः निर्माणको लागि यस कार्यालयको तर्फबाट नेपाल सरकारले खडा गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १० लाख उपलव्ध गराउने गरी नगर कार्यपालिकाबाट निर्णय भएको ब्यहोरा जानकारी गर्दछौं । साथै नगरपालिका तथा अन्तर्गत कार्यरत अधिकृतस्तरका कर्मचारीहरुको २ दिन र सो भन्दा तल्लो तहका कर्मचारीहरुको १ दिनको पारिश्रमिक, मा. वि. शिक्षकहरुको २ दिनको र अन्य शिक्षक तथा कर्मचारीहरुको १ दिनको पारिश्रमिक तथा नगरपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट एकमुष्ट ५९ हजार रकम सोहि कोषमा जम्मा गर्ने निर्णय भएको र नगरकार्यपालिकाको निर्णय बमोजमको रकम तत्काल प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

भुकम्प पिडितहरुको उद्धार, राहत, पुनर्स्थापना तथा भत्किएका संरचनाको पुनः निर्माण कार्यमा तिनै तहको सरकारको सम्पूर्ण संयन्त्र अहोरात्र खटिईरहेको र उक्त कार्यमा राज्यका निकायलाई आवश्यक सहयोग पुर्याउनु हुन विभिन्न संघ-संस्था, नागरिक समाज, आमसंचार, नीजि क्षेत्र लगायत देश विदेशमा रहनु हुने नेपालीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

..................
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

कार्तिक २४, २०८०